मकालु गाउँपालिका
MAKALU RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
स्था: २०७३ (Estd: 2073)

पत्र संख्या: २०८३/०८४
Ref. No.: 2083/084
चलानी नं:
Dispatch No.:

नुम, सङ्खुवासभा
Num, Sankhuwasabha
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

(आ.व.२०८३/०८४ को आन्तरिक आयको ठेक्का सम्वन्धी बोलपत्र आव्हानको सूचना)

**चौथो पटक प्रकाशित मिति:२०८३/०५/३१**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा मकालु गाउँपालिकाको आर्थिक ऐन २०८३(सभाबाट पारित) बमोजिम मकालु गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने देहायको शिर्षकहरुमा आ.व.२०८३/०८४ को लागि बढीबढाउमा ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकाले इच्छुक फर्म वा कम्पनिहरुबाट मिति २०८३/०६/१४ गते कार्यालय समयमा आफ्नो फर्मको नविकरण भएको प्रमाणपत्र,प्यान नं दर्ता,मुल्य अभिवृद्दि कर दर्ता प्रमाणपत्र,आ.व.२०८१/०८२ को करचुक्ताको प्रमाणित प्रतिलिपिहरु संलग्न गरि तथा उक्त कार्य गर्न योग्य भएको स्व-घोषणा पत्र संलग्न गरी बोलपत्र फारसमा रहेको शर्तहरुको अधिनमा रहि रितपुर्वक बोलपत्र पेश गर्नको लागी सूचना आव्हान गरिन्छ।साथै थप जानकारीको लागी यस मकालु गाउँपालिका गाउँ कार्यापालिकाको कार्यालय नुम,संखुवासभा बाट लिन सकिनेछ।

स्थानीय उत्पादन शुल्कः गाउँपालिकाले आफ्नो क्षेत्र भित्र उत्पादन हुने वस्तु वा अन्य मालसमानमा आफ्नो क्षेत्र बाहिर लैजादा शुल्क उठाउने कार्य।

| ठेक्का नं | विवरण | न्युनतम अंक( मु.अ. कर सहितमा) | निवेदन शुल्क | धरौटी रकम | बोलपत्र खरिद वा दाखिला गर्ने अवधी |
|---|---|---|---|---|---|
| १/आय/MRM/२०८३/०८४ | गाउँपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादन हुने वस्तु वा अन्य मालसमान आफ्नो क्षेत्र बाहिर लैजादा स्थानीय शुल्क उठाउने कार्य। | ३२,००,००० /- (अक्षरुपी रु बत्तिस लाख मात्र) | ३,०००/- | मु.अ. करसहितको न्युनतम अंकको ३% | सूचना प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समय भित्र। |

<u>शर्तहरु:</u>

१. बोलपत्र फाराम खरिद गर्दा अद्यावधिक फर्म नविकरण प्रमाणपत्रको प्रतिलिपी,मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी,आ.व.२०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी,स्व-घोषणा पत्रका साथै लिखित निवेदन संलग्न गरी मिति २०८३/०६/१४ गतेको कार्यालय समयभित्र गाउँ कार्यापालिकाको कार्यालय नुम,संखुवासभाको राजश्व शाखाबाट खरिद गर्न सकिनेछ।साथै E-Bidding मार्फत बोलपत्र पेश गर्न इच्छुक बोलपत्र दाताहरुको हकमा www.bolpatra.gov.np/egp system बाट Bid document Download गरी सिद्धार्थ बैङ्कमा रहेको मकालु गाउँपालिकाको आन्तरिक राजश्व खाता नं ०२६१५३८९५५४ मा बोलपत्र दस्तुर वापत तोकिएको रकम जम्मा गरी सो को भौचरको Scanned Copy समेत संलग्न गरी मिति २०८३/०६/१४ गतेको दिउँसो १२:०० बजे भित्र पेश गरिसक्नु पर्नेछ र सोहि दिनक दिउँसो १:०० बजे E-Bidding मार्फत (Bid Open) हुने व्यहोरा अनुरोध छ ।

२) प्रस्तावकले मकालु गाउँपालिका भित्रको स्थानहरुमा मात्र रहि कर संकलन गर्नु पर्नेछ।

२०८२/०५/१६

मकालु गाउँपालिका
MAKALU RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
स्था: २०७३(Estd: 2073)

नुम, सङ्खुवासभा
Num, Sankhuwasabha
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

पत्र संख्या: २०८३/०८४
Ref. No.: 2083/084
चलानी नं:
Dispatch No.:

३) गाउँपालिकाले तोकेको करका क्षेत्र तथा दररेट भित्र रहि प्रस्तावकले राजश्व उठाउनु पर्नेछ। तोकेको क्षेत्र तथा दररेट भन्दा बाहिर गई राजश्व संकलन गरेको पाईएमा प्रचलित कानुन बमोजिम कारवाही गरिनेछ।

४) प्रस्ताव कार्यान्वयनको सिमा अवधि बढीमा १ वर्षको हुने छ, र प्रशतावकले सम्झौता अनुसार कार्य नगरे कुनैपनि वखत रकम असुलउपर गरी सम्झौता भङ्ग गरिने छ।

५) ठेक्का कबोल गर्ने ठेकेदारले तोकिएको शुल्क उठाउँदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ। प्रमाणित नगरेको रसिदबाट शुल्क उठाएको पाइएमा नियमानुसार कारवाहि गरिनेछ।

६) ठेक्का अवधि प्रचलित कानुन बमोजिम आ.व.२०८३/०८४ सम्म कायम रहनेछ।

७) कारण जनाई वा नजनाई बोलपत्र स्विकृत गर्ने वा नगर्ने अधिकार यस मकालु गाउँपालिकाको कार्यालयमा सुरक्षित रहनेछ।

८) दरभाउपत्र दिदा कुनै किसिमको शर्त मान्य हुने छैन। साथै रित नपुगी आएको दरभाउपत्र उपर कुनै कारवाहि हुने छैन।

९) वोलपत्र फारम भरि पेश गर्दा आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रस्टसँग लेखी कबोल अंकको कम्तिमा ३ % ले हुन आउने बोलपत्र जमानत रकम (Bid Security Amount) यस कार्यालयको सिद्धार्थ बैङ्क मकालु शाखामा रहेको धरौटि कोष खाता नं २६१५१३५८५८ (ग ३) मा प्रस्तावकदाताको नामबाट जम्मा गरेको भौचर पेश गर्नु पर्नेछ। कवोल गरेको रकम अक्षर र अंकमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ। साथै उक्त आय ठेक्का हरुमा जुन कबोल अंक बढि हुनेछ सो कबोल कर्ताको बोलपत्र स्विकृत गरिनेछ।

१०) ठेक्कामा कुनै विवाद भएमा मकालु गाउँकार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

११) दरभाउपत्र फारमहरु दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन क्रमश सोहि समयमा हुनेछ। तर बिड बण्डको मान्य अवधि सुरुकै मितिबाट कायम हुनेछ।

१२) दरभाउपत्र पेश गर्दा पेश गर्ने व्यक्ति, फर्म वा कम्पनीका व्यवसायी नविकरण प्रमाणपत्र,स्थाई लेखा नं, मु.अ कर प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्र (२०८१/०८२) को प्रतिलिपि संलग्न राखि पेश गर्नुपर्नेछ।

१३) उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएकाहरुको हकमा प्रचलित कानुन तथा ठेक्का स्विकृत पश्चात गरिने सम्झौता अनुसार हुनेछ।

१४) अन्य विस्तृत जानकारीको लागि यस कार्यलयमा सम्पर्क राख्न सकिनेछ।

आयुष पोखरेल
शाखा प्रमुख

इन्द्र बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत